"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदवारी, संखुवासभा।

१ नं. प्रदेश, नेपाल ।

## विज्ञप्ती

**जारी मिति २०७७ असोज ४ गते**

हालै फेसबुक लगायतका सामाजिक सञ्जालहरुमा **मनकामना धाम प्राचीन धाम** नामक फेसबुक अकाउण्टबाट खाँदबारी नगरपालिकाद्वारा नियमानुसार सम्पादित विषयवस्तुहरुमाथि अनावश्यक तथा भ्रामक टिकाटिप्पणी सहित नौं बुँदाहरुमा प्रस्तुत गरिएको सन्दर्भमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त बुँदाहरुमा आएका विषयवस्तुहरु कार्यालयले प्रचलित ऐन, नियमानुसार नै कार्यसम्पादन भएका र नियमविपरित कुनै पनि भुक्तानी नभएको/नदिइएको साथै उक्त विषयवस्तुहरुको सन्दर्भमा यथार्थ जानकारी कार्यालयसँग लिन सकिने कानुनी व्यवस्था हुँदाहुँदै पनि सो नगरी गलत मनसायले प्रचारप्रसार गरी कार्यालय र कार्यरत पदाधिकारी, कर्मचारीहरुको सामाजिक तथा नैतिक प्रतिष्ठामा आँच आउने कार्य गरेको देखिएको हुँदा समस्त नगरवासी तथा आम जनसमुदायलाई यस प्रकारका भ्रामक समाचारको प्रभावमा नपरी नगरपालिकाको सेवा प्रवाहप्रति विश्वास प्रकट गर्दै सहयोगको अपेक्षा गर्दछौ। गलत सूचना प्रवाह गरी भ्रम सिर्जना गर्ने र जनप्रतिनिधि एवं कर्मचारीहरुको मनोबल गिराउने फेसबुक अकाउण्ट संचालन गर्ने ब्यक्ति वा संस्थालाई कानूनी कार्यवाहीको दायरामा ल्याउन सम्बन्धित पक्षको ध्यानाकर्षण रहोस् भनी यो विज्ञप्ती जारी गर्दछौ।

दीपकमणि घिमिरे
नि. प्रमुख प्रशासकीय अधिकृत
एवं
समस्त कर्मचारी परिवार
खाँदबारी नगरपालिका

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com